# बृक्ष सुधार, बृक्षारोपण तथा निजी वन कार्यक्रम अन्तरगत संचालित वन दशक कार्यक्रमको कार्यक्रम कार्यान्वयन कार्यबिधि, २०७१

(नेपाल सरकार सचिव स्तरबाट स्वीकृत मितिः २०७१/७/१३)

वन विभाग
बबरमहल, काठमाण्डौ
२०७१

## पृष्टभूमी

नेपाल सरकारले आ. व. २०७१/०७२ को बजेट व्यक्तव्य मार्फत वन दशक कार्यक्रम घोषणा गरेको छ। युवाहरुलाई वन संरक्षण तथा विकासमा सरिक गराउन आगामी २०७१-२०८० लाई वन दशकको रुपमा मनाउन वन संरक्षण, विकास र सदुपयोगलाई राष्ट्रिय अभियानका रुपमा संचालन गर्न लागिएको हो । नेपालको दक्षिणी भेगमा रहेका वनक्षेत्रवाट टाढा रहेका ग्रामीण क्षेत्रमा बसोबास गर्ने समुदायको दैनिक जीवनयापनका लागि अत्यावश्यक घाँस-दाउरा-काठ, जडीबुटी तथा गैरकाष्ठ वनपैदावार र वातावरणीय सेवा जस्ता अत्यावश्यक बस्तु एंव सेवा उपलब्ध गराउने साथै शहरी क्षेत्रमा समेत हरियाली प्रबर्द्धन गर्ने उद्देश्यले यो कार्यक्रम शुरु गरिएको हो ।

देशको कुल भू-भागको कम्तीमा ४० प्रतिशत वनक्षेत्र कायम गर्न समेत यसले थप मद्दत पुरयाउनेछ । साथै दक्षिणी भेगका जनतालाई आफैंले लगाए हुर्काएको रुख बिरुवाबाट वनपैदावारको उत्पादन तथा वन क्षेत्रको उत्पादकत्व बढाउन एवम् समग्र रुपमा देशव्यापी रुपमै बृक्षारोपण र वन विकासमा आमनागरिक लगायत विभिन्न सरकारी तथा गैरसरकारी क्षेत्रलाई उत्प्रेरित तथा परिचालन गरी हरियाली बढाउन यस कार्यक्रम परिलक्षित छ । वन तथा भू-संरक्षण मन्त्रालयको दीर्घकालीन सोच "समृद्धिका लागि वन" समेत प्राप्तिका लागि यो कार्यक्रमले टेवा पुरयाउनेछ । यसै क्रममा आ. व. २०७१/०७२ को बार्षिक कार्यक्रममा समावेश भएका निम्नानुसारका क्रियाकलापहरु संचालन गर्न यो कार्यक्रम कार्यान्वयन कार्यबिधि तयार गरिएको हो । वन दशक कार्यक्रमले मुख्यतया निम्न अनुसारका क्षेत्रलाइ समेट्ने लक्ष्य लिइएको छ ।

**क) एक घर एक रुख**

**ख) एक गाउँ एक वन**

**ग) एक नगर अनेक उद्यान**

**घ) निजी वन विकास तथा दर्ता प्रोत्साहन**

उपरोक्त क्रियाकलापहरुको सरकारी, गैह्रसरकारी, सामुदायिक तथा निजी क्षेत्रसंग सहकार्य गरी कार्यान्वयन गर्दा वनजन्य उत्पादनमा बृद्धि, रोजगारी सिर्जना एवम् स्थानीय समुदायको जीविकोपार्जन सुधार तथा हरियाली प्रबर्द्धन हुने अपेक्षा गरिएको छ । उल्लेखित कार्यक्रमहरु संचालन गर्न यस कार्यविधि अवलम्वन गरिनेछ ।

**वन दशक कार्यक्रम अन्तर्गतका क्रियाकलापहरु निम्न अनुसार कार्यान्वयन गरिने छः**

**१.० उच्च प्रविधियुक्त नर्सरी निर्माण र विरुवा उत्पादनः** यस कार्यक्रम अन्तर्गत कार्यक्रम लागु भएका जिल्लामा एक सुविधा सम्पन्न नर्सरी स्थापना गरिने छ । यस्तो नर्सरी प्राविधिक रुपले उत्कृष्ट हुनुको साथै वारवेर, drainage, springcle सहितको सिचाई, पानी टंकी, स्थायी छहारी, स्टोर कटेरो, हरेक वेडमा टेगिङ्गको व्यवस्था हुनु पर्दछ । नर्सरी वरिपरि फूल रोपी रमणीय वातावरण वनाउनुको साथै विश्राम स्थल (गोल घर) वनाउदा राम्रो हुन्छ । यस्तो नर्सरी नर्सरी नभएको क्षेत्रमा सरकारी जमिनमा वनाउनु पर्दछ ।

नर्सरीमा उत्पादन गरिने विरुवा अनिवार्य रुपमा किसानले रुचाएका प्रजातीका हुनु पर्दछ । विरुवा गुणस्तरीय हुनुका साथै केहि विरुवा (लगभग १० प्रतिशत) कम्तीमा डेढ बर्ष उमेरको हुनु जरुरी हुन्छ । यस्ता नर्सरीमा नाईके वर्ष भरी राखिने व्यवस्था गरिनु पर्दछ । नर्सरी निर्माण र विरुवा उत्पादन वन विभागको कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७१ र स्वीकृत नर्मस अनुसार गरिनु पर्दछ ।

**२.० नर्सरी मर्मत तथा स्तर सुधारः** वन विभागको कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७१ र स्वीकृत नर्मस अनुसार गरिनेछ ।

## ३. एक घर एक रुख कार्यक्रम

नेपालको कृषिप्रणालीमा वनको प्रत्यक्ष परोक्ष सम्बन्ध रहेको छ । ग्रामीण जनताको ठूलो हिस्सा अझैपनि परम्परागत उर्जास्रोतमा नै निर्भर छ । केही बर्ष यता निजी क्षेत्रले पनि बृक्षारोपणमा चासो राख्दै आएको पाईन्छ । काठ र दाउराको आपूर्तिमा वनक्षेत्र बाहिरका निजी रुख वा वनवाट हुने योगदान उल्लेखनीय देखिन्छ । त्यसैगरी शहरी क्षेत्रका बासिन्दामा पनि बृक्षारोपण प्रतिको चाहना बढ्दै गइराखेको छ । थोरै जग्गा भए पनि एक दुई बोट बिरुवा घर कम्पाउण्डमा लगाउने प्रचलन बढेको छ । जनताको यही आवश्यकता र चाहनालाई कदर गर्दै यो **एक घर एक रुख** कार्यक्रम ल्याइएको हो । चालु आ. व. मा प्राथमिकताका आधारमा तराई चुरे र भित्री मधेशका विशेष गरी पर्सा, बारा, रौतहट, सर्लाही, महोत्तरी, धनुषा, सिराहा, सप्तरी, सुनसरी, मोरङ र झापामा गरी ११ जिल्लामा यो कार्यक्रम लागु गरिनेछ । मध्य पहाडका ईलाम, धनकुटा, काभ्रे, पर्वत र तनहु जिल्लाहरुमा समेत केही कार्यक्रम संचालन हुने छन । यी जिल्लाहरुको हकमा पनि तुलनात्मक रुपमा कम वन क्षेत्र भएको दक्षिणी भागलाई विशेष प्राथमिकता दिनु पर्दछ । यो कार्यक्रम ग्रामीण र शहरी

क्षेत्र दुवैमा संचालन गरिनेछ । यो कार्यक्रम संचालनको सिकाईलाई आधार मानी आगामी वर्षहरुमा क्रमशः यस कार्यक्रमलाई नेपाल राज्यभर संचालन गरिनेछ ।

यस आ.व.मा यो कार्यक्रम लागुगर्न तोकिएका जिल्लाहरुको प्रत्येक निर्वाचन क्षेत्रको वनक्षेत्र नभएका वा वनक्षेत्र भन्दा टाढा भएका बढीमा २ (दुई) वटा गा. वि. स. हरु छनौट गरी सो गा. वि. स. का प्रत्येक वडाहरुमा बृक्षारोपण गर्न चाहना र क्षमता भएका घरधूरीहरु छनौट गरिनेछ । यदि बृक्षारोपण गरिने निजी जग्गा उपलब्ध नभएमा टोलबासीहरुको एक अनौपचारिक समूह बनाई संरक्षण र सम्बर्द्धन गर्न सकिने सार्वजनिक, पर्ती वा ऐलानी र गाऊँ ब्लकको जग्गाहरुमा समेत बृक्षारोपण गर्न सकिनेछ । गा. वि. स. वा नगरपालिका छनौट गर्दा तपसील अनुसारका आधारहरु लिइनेछ । बिरुवा वितरण गर्दा यस अन्तर्गत छनौट भएका गा. वि. स. हरुका घरधुरीहरुलाई प्राथमिकता दिईनेछ ।

**गा.वि.स.तथा न.पा.हरुको छनौटका आधारहरु**

- वनक्षेत्रबाट टाढा रहेका
- रुख विरुवा अत्यन्त्यै कम भएका
- वनपैदावारको अभाब भएका
- बिरुवाको अत्यन्तै माग भएको क्षेत्र
- स्थानीय निकाय (गा.वि.स.) संग सहकार्य हुनसक्ने
- सकेसम्म पूर्व पश्चिम लोकमार्ग देखि दक्षिण

जिल्लामा गा. वि. स. तथा नगरपालिका छनौट, कार्यक्रमको प्रभावकारिता, अनुगमन तथा मूल्यांकन जस्ता कार्यहरुमा माननीय सभासदहरुवाट सहजिकरण तथा आवश्यक सल्लाह सुझाव लिन सकिनेछ । यस कार्यक्रम अन्तरगत छनौट भएका गा.वि.स.हरुमा निजी तथा सार्वननिक जग्गामा वृक्षारोपणको लागि पर्याप्त विरुवाको व्यवस्था गरिने छ । यसको साथै कार्यक्रमलाई प्रभावकारी कार्यान्वयन र सहजीकरण गर्न प्रत्येक गा.वि.स.मा एक एक जना वन सामाजिक परिचालक परिचालन गरिने छ ।

यसरी बृक्षारोपण गर्दा प्रति घरधुरीलाई जग्गाधनीको अभिलेख राखी ग्रामीण क्षेत्रमा बढीमा २५० बिरुवा र शहरी क्षेत्रमा बढीमा २५ बिरुवा निशुल्क उपलब्ध गराइनेछ । सो भन्दा बढी बिरुवा माग गर्ने व्यक्तिले बिरुवा लिन आउंनु पूर्व अनुसुचि १ अनुसारको प्रस्ताव पेश गर्नु पर्ने छ । उक्त प्रस्तावका साथ माग गरेको संख्याका बिरुवा रोप्न निजसंग पर्याप्त जग्गा भएको प्रमाण (जग्गा धनिपुर्जाको नक्कल) पेश गर्नुपर्नेछ । यस कार्यमा गाउमा खटिने सामाजिक परिचालकले सहजिकरण गर्ने छन । यसरी प्रस्तावहरु प्राप्त भए पछि जि.व.का.ले छानविन गरी बृक्षारोपण गर्न लागेको क्षेत्रमा कुन प्रजातिको कति विरुवा रोप्न उपयुक्त हुने हो सोहि अनुसार विरुवा वितरण गर्नुपर्नेछ । यसरी जि.व.काले विरुवा वितरण गरी रोपिएका विरुवाहरुको अवस्था झल्किने गरी अभिलेख राख्नु पर्दछ । आगामि वर्षहरुमा बिरुवा संरक्षण अनुदान प्राप्त गर्न सो अभिलेख सबै घरधुरीले राख्नुपर्नेछ । यस कार्यक्रम अन्तर्गत निम्न क्रियाकलाप हुने छन् ।

## ३.१ स्थान र घरधूरी छनौट

संभावित क्षेत्र पहिचानको लागि जिल्लास्तरमा अन्तरक्रिया, जिल्ला वन क्षेत्र समन्वय समिति (DFCC) संग परामर्श, छनौट भएको गा. वि. स. को वडाहरुको भ्रमण, छलफल, अन्तरक्रिया र छनौट भएका घरधूरी र प्रस्तावित बृक्षारोपण क्षेत्रको अवस्थिती (GPS location) लिई, अनुसूची १ अनुसारको निवेदन फारम भरी संकलन गर्नु पर्दछ । यसवाट प्राप्त तथ्यांकलाइ विश्लेषण गरी प्राथमिकता तथा आवश्यकताका आधारमा कार्यक्रम संचालनको लागि क्षेत्र छनौट गरिनेछ । यसमा छुटयाइएको बजेट आवश्यकता तथा औचित्यको आधारमा भ्रमण तथा बास खर्च, चिया, खाजा र ईन्धन आदिमा खर्च गर्न सकिनेछ ।

## ३.२ बिरुवा उत्पादन/खरिद

विरुवा उत्पादन जिल्ला नर्सरी तथा अन्य नर्सरीहरु (स्थायी र अस्थायी) वाट गरिने छ । विरुवा उत्पादन गर्दा वृक्षारोपण क्षेत्रमा रोपण गर्न उपयुक्त प्रजाति र जिल्लामा किसानहरुले वढी माग गर्ने प्रजातिहरु पहिचान गरी सोहि प्रजातीका विरुवा उत्पादन गर्नु पर्ने छ । गुणस्तरीय विरुवा उत्पादन गर्न मलिलो वनको माटो लगायत सामाग्री तथा उपयुक्त प्रविधि प्रयोग गर्नु पर्दछ । विरुवा उत्पादन तथा निजी क्षेत्रका नर्सरीवाट विरुवा खरीद गर्ने कार्य वन विभागको कार्यक्रम कार्यान्वयन कार्यबिधि २०७१ र स्वीकृत नर्मस् अनुसार कार्यान्वयन गर्नु पर्नेछ ।

वृक्षारोपण र निजी किसानहरुलाई विरुवा वितरण गर्न निजी क्षेत्रका नर्सरीहरुवाट विरुवा खरिद गरिने छ । निजी नर्सरीवाट विरुवा खरिद गर्दा वृक्षारोपण क्षेत्र तथा विरुवा वितरण गर्ने किसानहरुलाई पायक पर्ने स्थानमा नर्सरीहरु

निर्माण गरी गुणस्तरिय विरुवा उत्पादन गर्न नर्सरी धनीसंग नियमानुसार सम्झौता गरी विरुवा खरिद गर्नु पर्ने छ । जिल्लामा उत्पादन र खरिद गरिने विरुवाको गुणस्तर अनुगमन गर्न जिल्लामा जिल्ला वन अधिकृतको संयोजकत्वमा तीन सदस्यीय प्राविधिक समिति गठन गरिने छ । यस समितिले विरुवा उत्पादनकर्तालाई समय समयमा आवश्यक सुझाव दिनुको साथै उत्पादनको प्रारम्भिक अवस्था देखि रोपणको लागि विरुवा तयार हुँदा सम्मको फोटो सहितको अनुगमन विवरण (कुन मितिमा के काम भएको थियो र उम्रेका विरुवाको उचाई समेत) तयार गरि प्रमाणित गरि अभिलेख राख्नु पर्ने छ । यसरी विरुवा उत्पादन/खरिद गर्दा विरुवाको गुणस्तर चेक गरी सम्झौतामा उल्लेखित प्रजातिका विरुवा खरिद गनु पर्दछ र उक्त विरुवा कसलाई बितरण गरियो र कहाँ रोपिएका हुन सो को अभिलेख समेत राख्नु पर्दछ ।

### ३.३ बिरुवा ढुवानी

नर्सरीवाट बृक्षारोपण गरिने क्षेत्रसम्म विरुवा ढुवानी गर्न यो रकम खर्च गरिनेछ । बिरुवा ढुवानी गर्दा वन विभागको कार्यक्रम कार्यान्वयन कार्यबिधि २०७१ अनुसार गरिने छ ।

### ३.४ प्राबिधिक सहयोग

वृक्षारोपण (एक घर एक रुख, एक गाउँ एक वन, एक नगर अनेक उद्यान आदि) कार्यमा जि.व.का.ले प्राविधिक सहयोग पुऱ्याउने छ । यसमा वृक्षारोपण गरिने स्थान (नक्सा समेत) र बिरुवा छनौट, अन्तर्क्रिया, वृक्षारोपण तथा वृक्षारोपण अनुगमन अभिलेख तयार गर्नको लागि आवश्यक सवै स्थलगत प्राविधिक सहयोग जि.व.का. वाट पुऱ्याउनु पर्नेछ । यस शीर्षक अन्तरगतको रकम उपरोक्त अनुसारको कार्य सम्पादन गर्न जि.व.का.को विद्यमान जनशक्ती वाट पर्याप्त नहुने भएमा केही समयकोलागि (अति व्यस्त समयमा) सेवा प्रदायकको (वन प्राविधिक) सेवा लिन सकिने छ । यस अतिरिक्त आवश्यकता अनुसार फिल्डमा आवश्यक पर्ने औजार जस्तै टेप, जि.पि.एस. नक्सा आदिमा समेत यो रकम खर्च गर्न सकिने छ । उपरोक्त कार्य सम्पादन गर्न औचित्यको आधारमा भ्रमण तथा बास खर्च, चिया खाजा खर्च, ईन्धन तथा मसलन्द आदिमा समेत यसमा खर्च गर्न सकिने छ। केन्द्रमा समेत यसै अनुसार खर्च गर्न सकिने छ ।

### ३.५ होर्डिङ बोर्ड

वन दशक कार्यक्रम अन्तर्गत बृक्षारोपण गरिएको गा.बि.स.मा आर्थिक बर्ष, बृक्षारोपण गरिएको प्रजाति, बिरुवा संख्या, क्षेत्रफलको विवरण र बुंदा नं. २.६ मा बनाईएको नक्शा अनुसार बृक्षारोपण गरिएको स्थान समेत देखिने गरी होर्डिङ बोर्ड राख्नुपर्नेछ। होर्डिङ बोर्ड बनाउँदा ६ फिट × ४ फिटको बाक्लो टिनको पातामा पेन्ट गरी राख्नु पर्नेछ ।

### ३.६ अनुगमन, अभिलेखीकरण तथा प्रतिवेदन तयारी

बृक्षारोपण गर्नुभन्दा पहिला र बृक्षारोपण पछाडि गरिएका क्रियाकलापहरुको समय समयमा अनुगमन गर्ने, बृक्षारोपण गरिएको स्थानको अवस्थिति (GPS Location समेत) र संलग्न घरधूरीको विवरण, रोपिएका प्रजातिहरुको बिस्तृत विवरण र सो ठाऊँमा कति बिरुवा बचेको हो (Survival rate) सो को समेत विवरणहरु अद्यावधिक गरी प्रतिवेदन तयार गर्नु पर्दछ । सो प्रतिवेदन तयार गर्दा बृक्षारोपण गरिएको स्थानको GIS नक्शांकन र बिस्तृत क्रियाकलापहरुको प्रोफाईल समेतको विवरण राख्नुपर्नेछ र सो को एक/एक प्रति क्षेत्रीय वन निर्देशनालय र वन विभागमा बिद्युतिय तथ्याङ्क (Digital data) र GIS संग सम्बन्धित तथ्यांकहरु समेत राखी पेश गर्नु पर्नेछ ।

## ४. एक गाउँ एक वन कार्यक्रम

सार्वजनिक जग्गाहरु, वन विकासको लागि उपयुक्त भए तापनि यस्ता प्रकारको जग्गा त्यसै खेर गईरहेको पाइन्छ । त्यसैगरी प्रयोग विहीन अवस्थाका अन्य सरकारी जग्गा वा नाङ्गा वनक्षेत्रलाई पनि उत्पादनशील काममा ल्याउन सकिन्छ । यस्ता जग्गामा वृक्षारोपण गरी वन विकास गर्न तथा उक्त जमिनमा भएका वृक्षारोपण तथा प्राकृतिक वनको उचित संरक्षण सम्बर्धन गर्न सकेमा स्थानीय जनताको काठ, दाउरा, घाँस जस्ता वनपैदावारको माग आपूर्तिमा टेवा पुऱ्याई वनमा परिरहेको चापलाई कम गर्न सकिन्छ । यसले जैविक विविधता संरक्षणमा समेत योगदान पुऱ्याउन सक्दछ ।

यस आ.व. (२०७१/०७२) मा यो कार्यक्रम माथि एक घर एक रुख कार्यक्रममा उल्लेख भए अनुसारका पूर्वी तराईका ११ वटा जिल्लामा लागु गरिनेछ । यस कार्यक्रम समेत उपरोक्त उल्लेखित आधार र प्रक्रियावाट हरेक निर्वाचन क्षेत्रमा कम्तिमा दुई गा.वि.स. पर्ने गरी छनौट गर्नु पर्नेछ । एक घर एक रुख कार्यक्रम जुन गा.वि.स. मा लागु भएको हो सोही गा.वि.स.मा यो कार्यक्रम संचालन गरिनेछ ।

एक गाउँ एक वन कार्यक्रम अन्तरगत छनौट भएका गा.वि.स. भित्र रहेका सार्वजनिक, सरकारी, ऐलानी, पर्ति वा खाली जग्गामा बृक्षारोपण गरी कम्तिमा एक गाऊँमा टुक्राटुक्री कृत्रिम वन (Artificial forest) बनाउन जोड दिइनेछ । यस कार्यक्रम अन्तरगत गरिने क्रियाकलापमा शैक्षिक संस्थाहरुको जग्गा, अन्य संघ संस्था वा संस्थानका स्वामित्व भएका जग्गालाई समेत समेटन सकिनेछ । यसै गरी दुई वा सो भन्दा बढी घरधुरी मिलेर ठूलो चक्लामा निजी बन लगाउन चाहेमा यस कार्यक्रम अनुसार प्राप्त हुने सहुलियत उपलब्ध गराइने छ ।

यस कार्यक्रम संचालनमा व्यापक रुपमा जन परिचालन गरी स्थानीय संघ संथाहरुको सहकार्य जुटाउनु पर्नेछ । आवश्यकता अनुसार सेवा प्रदायक संस्था वाट समेत यो कार्यक्रम संचालन गर्न सकिने छ । सेवा प्रदायक मार्फत कार्य गर्दा वन सम्बन्धि प्राविधिक ज्ञान वा जनशक्ति भएका सेवा प्रदायकसंग मात्र संझौता गरिनेछ । सम्भव भए अन्य संघ संस्था (NGO) संग समेत सहकार्य गरी कार्यक्रम संचालन गर्न सकिने छ ।

**एक गाउँ एक वन कार्यक्रम अन्तर्गत निम्न क्रियाकलाप रहने छन**

### ४.१ बिरुवा उत्पादन/खरिद

यसै कार्यविधिको दफा ३.२ अनुसारनै गर्ने ।

### ४.२ बिरुवा ढुवानी

यसै कार्यविधिको दफा ३.३ अनुसारनै गर्ने ।

### ४.३ बृक्षारोपण गरिने क्षेत्रको पहिचान, छनौट एवं सिमाना निर्धारण

छनौट गरिएका प्रत्येक गा.बि.स.का पदाधिकारीहरुसंग (निर्वाचित प्रतिनिधि नभएसम्म सबै राजनैतिक दलका प्रतिनिधि समेत संलग्न गराई) छलफल गरी उपलब्ध हुन सक्ने सार्वजनिक पर्ति, सरकारी र नाङ्गा बन क्षेत्रको लगत तयार गर्नु पर्दछ । लगत तयार गरिसकेपछि प्रत्येक क्षेत्रको स्थलगत निरीक्षण गर्नु पर्दछ र सबै सार्बजनिक पर्ति, सरकारी र नाङ्गा बन क्षेत्रको नाप जाँच गरी नक्शा तयार गर्नु पर्दछ । यी सबै विवरण उल्लेख गरि प्रतिवेदन तयार गरिनु पर्दछ ।

### ४.४ सरोकारवालाहरुको छलफल र अन्तर्क्रिया

वृक्षारोपण अभियानमा सबै खाले सरोकारवालाहरु संग छलफल र अन्तर्क्रिया गरिनेछ । यस अन्तर्क्रिया वाट वृक्षारोपणको लगि सरोकारवालाहरुलाई अभिप्रेरित गर्नुको साथै वृक्षारोपण योजना वनाईने छ । यसका लागि आवश्यक मसलन्द, खाजा, भ्रमण/ईन्धन आदिमा आवश्यकता अनुसार खर्च गरिने छ ।

### ४.५ वृक्षारोपण (वारवेरा, गोडमेल, पुनरोपण, संरक्षण अनुदान समेत)

यहाँ गरिने वृक्षारोपण वन विभागको कार्यक्रम कार्यान्वयन कार्यबिधि २०७१ मा उल्लेख गरिए अनुसार र स्वीकृत नर्मस अनुसार कार्यान्वयन गरिनेछ । यस कार्यक्रम अन्तर्गत वृक्षारोपणको लागि उपलव्ध जग्गाहरु गाउँमा भएका सार्वजनिक पर्ति जग्गा, नदी उकासवाट प्राप्त जग्गाहरु हुन सक्छन । यस कार्यक्रम अन्तर्गत उपलव्ध हुने जग्गा स-साना टुक्रामा विभाजित हुन सक्ने भएकोले यहाँ गरिएको वृक्षारोपणको संरक्षण केहि खर्चिलो हुन सक्छ । त्यसैले यस्ता बृक्षारोपणको ब्यबस्थापनका लागि स्थानीय संघ संस्थाको परिचालन गरी, उपभोक्ता समूहको गठन गरी वा बिपन्न बर्गको समूह गठन गरी केहि समयकोलागि अन्तरवाली लगाउन दिई सोही समूह मार्फत् बृक्षारोपण संरक्षण एवं ब्यबस्थापन गर्न सकिनेछ । वृक्षारोपण सफल वनाउन सम्भव भए सम्म सबै (वारवेरा, गोडमेल, पुनरोपण, सिचाई, हेरालु आदि) उपाय अवलम्वन गरिनु पर्दछ । बृक्षारोपण गर्नु अधि जग्गाको स्वामित्व भएको निकाय र संघसंस्था वा समूह बीच संझौता गर्नु पर्नेछ । बस्ती देखि टाढा रहेका सरकारी एवं नाङ्गा बन क्षेत्रमा बृक्षारोपण एबं यसको ब्यबस्थापन सेवा प्रदायक मार्फत समेत गर्न सकिने छ ।

#### ४.५.१ वृक्षारोपण क्षेत्रको कार्ययोजना

यसरी गरिने हरेक वृक्षारोपण क्षेत्रको सम्वन्धित सरोकारवालाहरुसंग छलफल गरी कार्ययोजना वनाईने छ । जसमा वृक्षारोपण क्षेत्रको नक्सासहितको सम्पूर्ण विवरण, वृक्षारोपणको संरक्षण, संबर्द्धन एबं सदुपयोगको लागि गरिने कार्यहरुको विस्तृत विवरण उल्लेख गर्नु पर्दछ । कार्य योजनामा कुन जातका के कति बिरुवा कति दूरीमा लगाउने, बन ब्यबस्थापन तथा संरक्षणको ब्यबस्था के कसरी गर्ने, बन पैदावारको बिक्रि बितरणको ब्यबस्था के कसरी हुने, लाभको बाँडफाड कसरी गर्ने आदि सबै कुरा स्पष्ट रुपमा उल्लेख हुनुपर्दछ । यो कार्ययोजना जिल्ला वन अधिकृतले स्वीकृत गर्नेछन् ।

### ४.५.२ वृक्षारोपण क्षेत्रको संरक्षण

वृक्षारोपण संरक्षणको लागि वार लगाउदा सकेसम्म स्थानीय रुपमा उपलब्ध जैबिक सामाग्री सजिवन, निलकांडा, बाँस आदिको प्रयोग गर्नु पर्दछ र वन हेरालुको व्यवस्था मिलाउनु पर्दछ । यसमा वन व्यवस्थापन/संरक्षण गर्न जिम्मा पाएको संघ-संस्था, उपभोक्ता समूह, सेवा प्रदायक वा हेरालुलाई वृक्षारोपण क्षेत्रको व्यवस्थापनको अवस्था र बाँचेका बिरुवाको संख्याको आधारमा वढीमा तीन वर्ष सम्म संरक्षण अनुदान/पारिश्रमिक दिन सकिनेछ ।

### ४.५.३ वृक्षारोपण क्षेत्रमा होर्डिङ बोर्ड

बृक्षारोपण गरिएको स्थानमा बृक्षारोपण गरिएको आ.व., बृक्षारोपणको नक्सा सहितको अन्य विवरण, लागत खर्च आदिको विवरण उल्लेख गरि होर्डिङ बोर्ड राख्नुपर्नेछ । होर्डिङ बोर्ड ६ फिट × ४ फिटको बाक्लो टिनको पातामा पेन्ट गरी बनाउनु पर्नेछ ।

### ४.५.४ वृक्षारोपण क्षेत्रहरुको अनुगमन

सवै वृक्षारोपण क्षेत्रहरुको अभिलेख राखी जि.व.का/जिल्ला वन क्षेत्र समन्वय समिति (DFCC) ले निरन्तर अनुगमन गरी अनुगमन प्रतिवेदन क्षेत्रीय बन निर्देशनालय र वन विभागमा पठाउनु पर्दछ । यी शीर्षक अन्तर्गत रहेको वजेट उपरोक्त अनुसारका कार्य सम्पादन गर्न लाग्ने सामाग्री, सेवा (ज्याला, पारिश्रमिक), मसलन्द, भ्रमण, खाजा, ईन्धन आदिमा औचित्यका आधारमा खर्च गर्न सकिने छ ।

***नोटः*** वन दशक कार्यक्रम अन्तरगत कार्यक्रम लागु भएका गा.वि.स.हरुमा निजी र सार्वजनिक स्थानमा व्यापक वृक्षारोपण गर्ने उद्देश्य राखिएको छ । त्यसैले वार्षिक कार्यक्रममा "एक घर एक रुख" र "एक गाउँ एक वन" कार्यक्रम अन्तर्गत वृक्षारोपणको लागि छुट्याईएका विरुवा अपर्याप्त भएमा (जनताको माग वढी भएमा) यसै कार्यक्रम अन्तर्गतका अन्य शीर्षक वाट उत्पादित/खरिद गरिने विरुवाहरु वा अन्य कार्यक्रमवाट उत्पादित/खरिद गरिने विरुवाहरु उक्त क्षेत्रमा प्रयोग गर्न सकिने छ ।

## ५. एक नगर अनेक उद्यान कार्यक्रम

बढदो शहरीकरणसंगै नगर क्षेत्रमा वायु र ध्वनी प्रदुषणको मात्रा बढदै गइरहेको छ । नगर क्षेत्रमा बस्ने मानिसलाई सौन्दर्य एवम् प्रदुषणमुक्त वातावरणमा केही समय बिताउन समेत त्यस्ता ठाउँको अभाव खटकेको छ । हरियाली विनाको शहर उजाड र उराठलाग्दो हुन्छ ।त्यसैले नगर भित्र रहेका सार्वजनिक जग्गालाई स्थानीय निकायको समन्वयमा उद्यानका रुपमा विकास गरी रमणीय स्थलको रुपमा बिकास गर्न एक नगर अनेक उद्यान कार्यक्रम ल्याइएको हो । देशभरका महा/उप/नगरपालिकालाई प्राथमिकीकरण गरी क्रमैसंग सबै नगरपालिकामा यो कार्यक्रम संचालन गरिनेछ ।
नगरपालिकाहरुलाई प्राथमिकीकरण गर्ने आधार निम्नानुसार हुनेछन् ।

- सार्वजनिक पर्ति जग्गा प्रशस्त भएका
- रुख विरुवा अत्यन्त्यै कम भएका
- बोट बिरुवाको माग उच्च रहेको
- स्थानीय निकाय (महा/उप/नगरपालिका) संग सहकार्य हुन सक्ने

उल्लेखित आधारहरुलाई मध्यनजर गरी यस आर्थिक बर्षमा मुलुकमा विद्यमान पुराना ५८ महा/उप/नगरपालिका मध्ये ३० वटा महा/उप/नगरपालिकाहरुलाई प्राथमिकता दिई कार्यक्रम संचालन गरिने छ भने वाकी २८ वटा नगरपालिकाहरुमा आगामी वर्षहरुमा कार्यक्रम संचालन गर्न योजना तर्जुमा गरिने छ ।

एक नगर अनेक उद्यान कार्यक्रम अन्तरगत निम्नानुसारका क्रियाकलापहरु सम्पन्न गर्नुपर्नेछ ।

- उद्यान विकासगरिने क्षेत्रको पहिचान, छनौट एवम् सर्भेक्षण
- स्थानीय निकाय र सरोकारवालाहरुसँग छलफल र अन्तर्क्रिया
- कार्ययोजना तयारी
- बृक्षारोपण
- बृक्षारोपण गोडमेल तथा संरक्षण
- अनुगमन

प्याकेजमा गरिने यस कार्यक्रम अन्तर्गत निम्न कार्यहरु गरिने छ ।

### ५.१ कार्यक्रम संचालन गर्न जग्गा पहिचान

प्रत्येक छनौट गरिएका महा/उप/नगरपालिका वा वडाका पदाधिकारीहरुसंग (निर्वाचित प्रतिनिधि नभए सम्म सबै राजनैतिक दलका प्रतिनिधि समेत संलग्न गराई) छलफल गरी उपलब्ध हुन सक्ने सार्वजनिक पर्ति जग्गाको लगत तयार गर्नु पर्दछ । लगत तयार गरिसकेपछि प्रत्येक क्षेत्रको स्थलगत निरीक्षण गर्नु पर्दछ र सबै उपलब्ध सार्वजनिक पर्ति, सरकारी जग्गाको नाप जाँच गरी नक्सा तयार गर्नुपर्दछ । यस कार्यक्रम अन्तरगत गरिने क्रियाकलापमा स्कुल, कलेजको जग्गा, अन्य सरकारी वा संस्थानका स्वामित्व भएका जग्गालाई समेत समेटन सकिनेछ तर बृक्षारोपण गर्नु अघि जग्गाको स्वामित्व भएको निकायसंग संझौता गर्नु पर्नेछ । यसरी एक नगर अनेक उद्यान कार्यक्रम अन्तरगत गरिएको बृक्षारोपणको ब्यबस्थापनका लागि महा/उप/नगरपालिकसंग अनिवार्यरुपमा सहकार्य गर्नु पर्दछ ।

### ५.२ कार्ययोजना तयारी

छनौट गरिएका प्रत्येक क्षेत्रको कार्य योजना तयार गर्नु पर्दछ । कार्य योजनामा कुन जातका के कति बिरुवा कति दुरीमा लगाउने, बन ब्यबस्थापन तथा संरक्षणको ब्यबस्था के कसरी गर्ने, कुन कुन संस्था वा ब्यक्तिसंग सहकार्य गर्ने महा/उप/नगरपालिकाले के के विषयमा सहयोग गर्ने र संरक्षण कसरी गर्ने आदि सबै कुरा स्पष्ट रुपमा उल्लेख हुन पर्दछ । छनौट गरिएको सार्बजनिक पर्ति तथा सरकारी जग्गामा यदि रुख बिरुवा छन् भने सो को ब्यबस्थापनका बारेमा समेत कार्ययोजनामा उल्लेख हुन पर्दछ । कार्ययोजना तयारीको काम सेवा प्रदायक मार्फत वा जिल्ला बन कार्यालय वा सम्वन्धित महा/उप/नगरपालिका आफैले वा संयुक्त रुपमा गर्न सक्नेछन् । सेवा प्रदायक मार्फत काम गर्दा उक्त सेवा प्रदायकसंग बन सम्बन्धि ज्ञान वा बन प्राबिधिक भएको हुनु पर्नेछ । विस्तृत कार्ययोजना तयार गरी जिल्ला वन कार्यालय र महा/उप/नगरपालिकाका प्रमुखवाट संयुक्त रुपमा वा जिल्ला वन क्षेत्र समन्यवय समिति मार्फत स्वीकृत गरी लागु गर्न सकिनेछ ।

### ५.३ विरुवा उत्पादन/खरिद, ढुवानी, वृक्षारोपण र संरक्षण

कार्ययोजना अनुसार उद्यान निर्माण गर्न आवश्यक संख्या र उपयुक्त प्रजातिका विरुवा वन विभागको कार्यक्रम कार्यान्वयन कार्यविधि अनुसार उत्पादन वा खरिद गर्न सकिने छ । उद्यानमा रोपिने विरुवा ठूला (कम्तिमा ५ फिट देखि ६ फिट अग्ला) र सौन्दर्य प्रदायक हुनु पर्ने छ । वृक्षारोपण संरक्षणको लागि उपयुक्त किसिमको व्यवस्थापन (वारवेरा, हेरालु, सिचाई आदि) को समुचित व्यवस्था मिलाउनु पर्दछ ।

### ५.४ अनुगमन, अभिलेखीकरण र प्रतिवेदन

जिल्ला वनक्षेत्र समन्वय समितिले सम्वन्धित उद्यानको नियमित अनुगमन गर्नेछ । यसको साथै वन विभाग, क्षेत्रीय वन निर्देशनालय, वन तथा भू-संरक्षण मन्त्रालय वा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले समेत वार्षिक रुपमा अनुगमन गरी पृष्टपोषण दिन सक्नेछन् । जिल्ला वन कार्यालयले चौमासिक रुपमा र वार्षिक रुपमा सम्पूर्ण कामको विवरण सहितको प्रगति प्रतिवेदन क्षेत्रीय वन निर्देशनालय र वन विभागमा पेश गर्नुपर्नेछ ।

### ५.५ होर्डिङ्ग बोर्ड

कार्यक्रम संचालन गरेको उद्यानमा कुन जातका कति बिरुवा कुन सालमा कसले कसको प्राबिधिक सहयोगमा बृक्षारोपण भएको हो के कति लागतमा उद्यान तयार भएको सबै कुरा उल्लेख गरी एक होर्डिङ्ग बोर्ड राख्नुपर्दछ । यस शीर्षक अन्तर्गत रहेको वजेट उपरोक्त अनुसारका कार्य सम्पादन गर्न लाग्ने सामाग्री, सेवा (ज्याला,पारिश्रमिक), मसलन्द, भ्रमण, खाजा, ईन्धन आदिमा प्रचलित नर्मस र औचित्यका आधारमा खर्च गर्न सकिने छ ।

### ६.० पुराना नगरपालिकामा उद्यान बिकास गर्न सम्भाव्यता अध्ययन गरी कार्ययोजना तयारी

जिल्लामा एक भन्दा वढी पुराना नगरपालिका भएमा वाकी रहेका नगरपालिकामा दफा ५ अनुसारको कार्यक्रम नभएका जिल्लाका नगरपालिकाहरुमा आगामी वर्ष उद्यान बिकास गर्न कार्य योजना वनाउनु पर्ने छ । नगरपालिकामा उद्यान बिकास गर्न उपयुक्त स्थानको छनौट गरि दफा ५.२ अनुसार योजना तयार गर्नु पर्दछ । उक्त योजनामा उद्यान क्षेत्रको नक्सांकन गरी कुन प्रजातिका के कति विरुवा रोपिने हो यकिन गरिनु पर्दछ । यस योजना अनुसार आगामी वर्ष रोप्नु पर्ने विरुवाको उत्पादन समेत यसै कार्यक्रम अन्तर्गत गरिनु पर्दछ ।

### ७.० जिल्लामा वन दशक कार्यक्रमको कर्ययोजना तयारी

आ.व. २०७१/०७२ मा वन दशको कार्यक्रम लागु गरिएका ११ जिल्लामा हरेक जिल्लाले आगामी १० वर्षको लागि विस्तृत योजना बनाउनु पर्ने छ । यस योजनामा जिल्लामा बृक्षारोपणको लागि उपलब्ध हुने सम्भावित सवै जग्गाको पहिचान गरी त्यसको नाप नक्सा तयार गर्नु पर्ने छ । हरेक वर्ष के कति क्षेत्रफलमा के कति विरुवा कुन विधि प्रक्रिया वाट रोपण गरिने हो कार्ययोजनामा समावेश गरिनु पर्नेछ । त्यसै गरी निजी क्षेत्रमा के कति वृक्षारोपण हुने, के कति विरुवा कुन माध्यम वाट उत्पादन गरिने आदि समेत कार्ययोजनामा प्रष्ट गर्नु पर्दछ । यस अतिरिक्त वन दशक कार्यक्रमको उद्देश्य हासिल गर्न जिल्लामा कार्यान्वयन गर्नु पर्ने आवश्यक कार्यक्रमहरुको तर्जुमा गरी योजना वनाउनु पर्नेछ । यस कार्यक्रमा विनियोजित रकम उपरोक्त अनुसारको कार्य गर्न आवश्यक पर्ने मसलन्द, सेवा-ज्याला, भ्रमण, इन्धन, खाजा आदिमा खर्च गर्न सकिने छ । यस कार्यक्रम आवश्यक परे सेवा प्रदायक वाट समेत गराउन सकिने छ ।

## ८.० सामाजिक परिचालक तयारी कोचिङ तथा परिचालन

बन दशकको कार्यक्रम संचालन गर्न सहयोग पुर्‍याउन कार्यक्रम संचालन भएको प्रत्येक गाउँ बिकास समितिमा १ जना र नगरपालिकामा १ जना सम्म सामाजिक परिचालक राख्न सकिनेछ । छनौट गरिने सामाजिक परिचालक सम्वन्धित गाविस/नगरपालिकाका वासिन्दा हुनु पर्नेछ । सामाजिक परिचालकले कम्तिमा दश कक्षा पास गरेको हुनु पर्नेछ । सामाजिक परिचालक सकभर बिपन्न, दलित, महिला तथा यस अघि वनक्षेत्र संग सम्वन्धित कार्य गरेका अनुभवी व्यक्तिहरु (जस्तै नर्सरी नाइके, वन हेरालु, अग्नि संरक्षण हेरालु, स्थानीय स्रोत व्यक्ति आदि) लाई प्राथमीकता दिइनेछ । यस कार्यक्रममा प्रति सामाजिक परिचालकको लागि पारिश्रमिक स्वरुप प्रति महिना रु ५००० (पाच हजार) र फिल्ड गियर जस्तै साईकल, लोगो सहितको हाफ ज्याकेट, जुत्ता, टोपी, छाता वा वर्षादि, पोशाक आदि को व्यवस्था गरिएको छ । सामाजिक परिचालकले निम्नानुसारको काम गर्नेछन् ।

- वन तथा वातावरण सम्बन्धि जनचेतना बिकास गर्ने,
- प्रजाति र संख्या अनुरुप बिरुवाको माग संकलन गर्ने,
- बिरुवा उत्पादन को नियमित निरीक्षण गर्ने र संझौता अनुसार बिरुवा उत्पादन भए नभएको जाँची बुझी सो को नियमित रुपमा इलाका बन कार्यालयमा प्रतिवेदन पेश गर्ने,
- बिरुवा बितरणको लगत राख्ने,
- बृक्षारोपण गर्ने स्थल तयार गर्न सिकाउने/लगाउने,
- बितरित बिरुवाको सही उपयोग भए नभएको जाँच गर्ने,
- बिरुवा बितरण गर्ने बेलामा नै बृक्षारोपण गर्ने तरिका सिकाउने,
- बृक्षारोपण गर्ने स्थलमा सकभर उपस्थित भै बिरुवा रोप्ने तरिका सिकाउने,
- बृक्षारोपण स्थलको समय समयमा निरीक्षण गरी मरेका बाँचेका बिरुवाको लगत राख्ने र सो को एक प्रति इलाका वन कार्यालयमा पेश गर्ने,
- जिल्ला वन कार्यालय वा मातहतका निकायले समय समयमा लाए अह्राए बमोजिमका अन्य कार्य गर्ने ।

सामाजिक परिचालकलाई काम खटाउनु अघि निम्नानुसारको तालिम दिइनेछ ।

- बन तथा वातावरणको महत्व एवं अन्तरसंबन्ध,
- नर्सरी स्थापना तथा बिरुवा उत्पादन संबन्धि सामान्य ज्ञान,
- बृक्षारोपण गर्ने तरिका,
- नर्सरी रजिष्टर राख्ने तरिका,
- जग्गा बिकास सम्बन्धि ज्ञान,
- बाँचेका बिरुवाको गणना गर्ने तरिका,
- प्रतिवेदन लेखन आदि ।

## ९.० तालिम तथा गोष्ठी

यस कार्यक्रमलाई प्रभावकारी ढगंले संचालन गर्न तालिम, गोष्ठी तथा प्रचार प्रसारको काम गर्नु पर्ने हुन्छ । यस अन्तरगत निम्न तालिमहरु संचालन गर्नु पर्ने हुन्छ ।

- **वन सामाजिक परिचालकलाई अभिमुखीकरण तालिम**: यो तालिम क्षेत्रीय वन तालिम केन्द्र संग समन्वय गरी पाठ्यक्रम तयार गरी सम्वन्धित जिल्लामा वा तालिम केन्दमा संचालन गर्न सकिने छ । तालिम पाठ्यक्रममा वन सामाजिक परिचालकलाई आवश्यक पर्ने सवै विषय समावेश गरिनु पर्छ र आवश्यकता अनुसार स्थलगत

अभ्यास गराउनु पर्दछ । एक मात्र सामाजिक परिचालक भएको जिल्लाहरुले पायक पर्ने क्षे.व.ता.केन्द्रसंग समन्वय गरी एकै स्थानमा तालिम गर्ने व्यवस्था मिलाउनु पर्दछ ।

- **नर्सरी नाईके तालिमः** निजी र जि.व.का.ले संचालन गर्ने नर्सरीका नर्सरी नाईकेहरुलाई स्वीकृत वजेट हेरी कम्तीमा ७ देखि १० दिने स्थलगत तालिम दिनु पर्ने हुन्छ । यो तालिम स्थलगत रुपमा जिल्लामै दिनुपर्ने हुन्छ । यस तालिममा नर्सरी निर्माण प्रविधि, वीउ संकलन, प्रशोधन, उपचार, गुणस्तरिय विरुवा उत्पादन र नर्सरी व्यवस्थापन सम्वन्धि ज्ञान शीप दिनु पर्दछ ।
- जिल्लामा कार्यक्रमको जानकारी एवं छलफल गर्न सरोकारवाला तथा जिल्ला बन समन्वय समितिको वैठक/गोष्ठी संचालन गरिनेछ ।

यसरी गरिने तालिम गोष्ठी वयष्क शिक्षाको मान्यता अनुरुप सत्र योजना तयार गरी प्रचलित नर्मस् (अर्थ मन्त्रालयको कार्यविधि निर्देशिका) अनुसार गर्नु पर्दछ ।

### ९.१ स्कूल वन हरियाली कार्यक्रम

विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको वन तथा वातावरण संरक्षण सम्वन्धि चेतना बिकास र विद्यालयमा कार्यरत प्राध्यापक तथा अविभावकहरुलाई वन दशक कार्यक्रमा सक्रिय भूमिका निर्वाह गराउन यो कार्यक्रम प्रभावकारी हुन सक्छ । यस कार्यक्रम अन्तर्गत विद्यालयमा ईको-क्लव (Eco-club) गठन गरिने छ । यस्ता ईको-क्लव मार्फत विद्यालय र आसपासका क्षेत्रमा निम्न अनुसारका क्रियाकलापहरु संचालन गर्न सकिनेछ ।

- विद्यालय हाता भित्र वृक्षारोपण
- विद्यालयमा वन तथा वातावरण संरक्षण सम्वन्धि कक्षा संचालन, श्रव्य दृश्य, पोष्टर प्रदर्शनी, सेमिनार आदि
- विद्यालय नजिक रहेको वन भित्र भ्रमण, चरा अवलोकन (jungle walk, bird waching)
- विद्यालय अतिरिक्त क्रियाकलाप जस्तै निवन्ध, कविता, पोष्टर प्रतियोगिता, भित्ते पत्रिका प्रकाशन आदि ।
- सुर्ती जन्य वस्तु, गुट्खा, प्लास्टिक आदि विरुद्धको चेतना, व्यक्तिगत सरसफाईको चेतना

यस कार्यक्रम एक घर एक रुख कार्यक्रम लागु गरिएका सवै गा.वि.स.हरुमा संचालन गर्नु पर्दछ । यस कार्यक्रम स्थानीय सामाजिक संस्थाहरुसंग (NGO) मिलेर (लागत साझेदारीको आधारमा) गर्न सकिने छ । यस कार्यक्रम अन्तर्गत रहेको वजेट उपरोक्त अनुसारका कार्य गर्न आवश्यक पर्ने मसलन्द, सेवा, भ्रमण, ईन्धन, खाजा आदिमा खर्च गर्न सकिने छ ।

## १०. निजी वन बिकास तथा दर्ता प्रोत्साहान र प्रचार प्रसार

वन दशक कार्यक्रममा निजी वन बिकासलाई महत्वका साथ राखिएको छ । केहि वर्ष यता कृषकहरु वन वालीमा आकर्षित हुदै गएको पाईन्छ । तर जटिल प्रक्रियाका कारण निजी वनको वन पैदावार उपयोगमा अनेक झनझट हुने गरेको छ । निजी बन प्रति आकर्षित गर्न किशानहरुलाई प्रोत्साहीत गर्नु आबश्यक छ । त्यसैले यस कार्यक्रम अन्तर्गत निजी क्षेत्रमा वन बिकास गर्न विभिन्न क्रियाकलापमा सहुलियत दिईएको छ । जिल्लामा धेरै निजी वन भएर पनि जिल्ला वन कार्यालयमा दर्ता प्रक्रियामा आएको पाइदैन । त्यसैले यस कार्यक्रम अन्तर्गत यस्ता वनहरुको दर्ता गर्ने विशेष कार्यक्रम रहेको छ ।

### १०.१ निजी वन संजाल गठन तथा संस्थागत सहयोग

यस कार्यक्रम अन्तर्गत जिल्लामा भएका निजी वन धनीहरुको बिवरण (Profile) तयार गरी एक संजाल गठन गरिने छ । यसरी गठन भएको संजाललाई संस्थागत गर्न विधान दर्ता लगायत आवश्यक पर्ने मसलन्दको लागि अनुदान सहयोग गरिने छ । यस संजालवाट जिल्लामा निजी वन नितीको प्रचार प्रसार र निजी वन दर्ताको लागि आवश्यक सहजीकरण गरिने छ । निजी वनको प्रचार प्रसारमा संजालको प्रयोग गर्न सकिनेछ । यस शीर्षक अन्तगतको वजेट औचित्यको आधारमा संजाल निर्माण गर्ने कार्यमा आवश्यक पर्ने मसलन्द, अन्तर्क्रिया, भ्रमण, ईन्धन आदिमा खर्च गरिने छ ।

### १०.२ निजी वन दर्ता प्रोत्साहानका लागि प्राविधिक सहयोग

यस कार्यक्रम अन्तर्गत जिल्लामा रहेका निजी वन जिल्ला वन कार्यालयमा दर्ता गर्न प्रोत्साहित गरिने छ । निजी वन दर्ता गर्न आवश्यक पर्ने प्राविधिक सहयोग जस्तै निजी वनको नाप नक्सा, रुख विरुवाको नाप जाँच गरी लगत, सर्जमिन मुचुल्का तथा अन्य कागजात (जग्गा धनीपूर्जाको नक्कल, नागरिकता, नापी नक्सा आदि) तयार गरी निजी वन दर्ता गर्नु पर्ने छ । यस क्रियाकलापमा छुट्याइएको बजेट उपरोक्त कार्य सम्पादन गर्न आवश्यक पर्ने भ्रमण, ईन्धन, खाजा,

मसलन्द आदिमा खर्च गर्न सकिने छ । यो कार्य गर्न जिल्ला वन अधिकृतलाई भरोसा लागेमा जिल्लामा गठित निजी वन संजाल वा अन्य सेवा प्रदायकको सेवा लिन सकिने छ ।

### १०.३ निजी वन दर्ता गर्न लाग्ने राजस्व खर्च अनुदान

निजी वन दर्ता गर्न जाँदा साँद सिमाना नाप जाँच गर्न सरकारी अमिनको आवश्यक पर्ने हुदा सोका लागि जिल्ला नापी कार्यालयलाई नियमानुसार वुझाउनु पर्ने राजस्व अनुदान स्वरुप यस शीर्षक अन्तर्गत राखिएको वजेट वाट खर्च गरिने छ ।

### १०.४ निजी वन प्रोत्साहान पुरष्कार

जिल्लामा निजी वनको अनुगमन जिल्ला वन कार्यालय, क्षेत्रीय वन निर्देशनालय र केन्द्र वाट समेत गरिने छ । जिल्ला स्तर वाट अनुगमन गर्दा जिल्लामा दर्ता हुन आएका सवै निजी वन र दर्ता हुन नआएका तर नर्सरीको विरुवा वितरण रजिष्टरमा वढी विरुवा लाने मध्ये कम्तिमा १० प्रतिशत निजी वन धनी पहिचान गरी जिम्मेवार पदाधिकारीले स्थलगत अवलोकन अध्ययन गरी अनुसुचि २ अनुसारको फर्मेट भरी अनुगमन अभिलेख राख्नु पर्दछ । यसरी भरी ल्याएका फर्मेटहरु विश्लेषण गरी वनहरुको बिबरण तयार गरी सवै भन्दा उत्कृष्ट तीन देखि पाँच जना वन धनीलाई पुरष्कार दिन सकिने छ । पुरष्कारको कुल रकम ५० हजार रहने छ । अनुगमन कार्यको प्रक्रियामा जिल्ला बन समन्वय समिति र निजी वन संजाललाई सहभागी गराई पुरष्कृत हुने निजी वनको सुची र पुरष्कार दिने रकम जिल्ला बन समन्वय समितिवाट अनुमोदन गराउनु पर्दछ । पुरष्कारकोलागि सिफारिस गर्दा निम्न आधारहरु लिनु पर्दछ ।

- वन धनीको कुल जमिनको तुलनामा निजी वन लगाएको क्षेत्रफल
- वन धनीको आर्थिक अवस्था (गरिवलाई प्राथमिकता)
- वन संरक्षणको अवस्था/व्यवस्था
- जमिनको गुणस्तर र अवस्था
- वनको वृद्धि र गुणस्तर

जिल्लाले यसरी अनुगमनको आधारमा तयार गरेको अभिलेख सहितको विस्तृत प्रतिवेदन क्षेत्रीय वन निर्देशनालय र वन विभागमा पठाउनु पर्दछ । क्षेत्रीय र केन्द्र वाट अनुगमन गर्दा जिल्लाको प्रतिवेदनलाई आधार मानी उपयुक्त नमुनाहरु (Sample) छनौट गरी अनुगमन गरिने छ । यस अन्तर्गत रहेको वजेट उपरोक्त कार्य गर्न आवश्यक पर्ने मसलन्द, अन्तर्क्रिया गोष्ठी, भ्रमण, ईन्धन आदिमा खर्च गरिने छ ।

## ११. निजी क्षेत्र/निजी वन सञ्जालसंग समन्वय गरी जडिवुटि प्रशोधन प्लान्ट स्थापना

सार्वजनिक सुचना प्रकाशित गरी जिल्लामा जडिवुटिको प्रशोधन प्लान्ट स्थापना गर्न ईच्छुक निजी तथा समूहवाट ब्यबसायिक योजना (Bussiness Plan) सहितको प्रस्तावना (Proposal आह्वान गरी प्राप्त हुन आएका प्रस्तावनाहरु अध्ययन र मुल्याङ्कन गरी सवैभन्दा उपयुक्त प्रस्तावना/हरु सार्वजनिक निजी साझेदारी (PPP) मोडलमा के कसरी अनुदान दिन उपयुक्त हुन्छ उल्लेख गरी सिफारिस साथ पठाई एक तह माथिवाट भएको निर्णय अनुसार कार्यान्वयन गरिने छ ।

## १२. निजी नर्सरी स्थापना गर्न सिचाई, सामाग्रीका लागि अनुदान

जिल्लामा नर्सरी नभएका क्षेत्रमा कम्तिमा एक लाख भन्दा वढी विरुवा उत्पादन हुने गरी स्थायि नँया नर्सरी स्थापना गर्न चाहने नर्सरी धनीलाई आवश्यक प्रजातिका गुणस्तरिय विरुवा तोकिएको मुल्यमा विक्री वितरण गर्ने गरी सम्झौता गरी सिचाई तथा वोरिङ अनुदान स्वरुप प्रति नर्सरी नगद रु. एक लाख सम्म अनुदान दिन सकिने छ ।

## १३.निजी नर्सरी स्थापनाको लागि अनुदान

वन दशक कार्यक्रम संचालन गरिएका गा.वि.स.का नर्सरी नभएका क्षेत्रमा नँया नर्सरी स्थापना गरी ५० हजार भन्दा वढी विरुवा उत्पादन गर्न चाहने निजी नर्सरी धनीलाई तोकिएको प्रजातिका गुणस्तरिय विरुवा उपलब्ध गराउने सर्तनामा गराई ५० हजार सम्मको नगद वा सामाग्री अनुदान उपलब्ध गराउन सकिने छ ।

## १४. निजी नर्सरी वाट विरुवा खरिद

निजी तथा सार्वजनिक क्षेत्रमा वृक्षारोपण गर्न जनताका माग अनुसारका प्रजातिका विरुवा विभागीय नर्मस् अनुसार निजी नर्सरी धनीसंग सम्झौता गरी खरिद गर्न सकिने छ । यसरी विरुवा खरिद गर्दा विरुवाको गुणस्तर चेक जाँच गरी

सम्झौतामा उल्लिखित प्रजातिका विरुवा खरिद गर्नु पर्दछ र उक्त विरुवा कसलाई बितरण गरियो र कहाँ रोपिएका हुन सो को अभिलेख समेत राख्नु पर्दछ। (यस कार्यको अनुगमन कार्यविधिको ३.२ अनुसार गर्ने)

### १५.निजी वन प्रवर्द्धनका लागि प्रचार प्रसार सामाग्री

यस कार्यक्रमको सफलता पूर्वक कार्यान्वयन गर्न, जिल्लाका सवै जनतालाई जानकारी दिन एवं चेतना अविवृद्धि गर्न जिल्लामा स्थानीय मानिसहरुले वुझ्ने भाषामा पोष्टर, पर्चा, व्रोसर आदि तयार गरी वितरण/प्रदर्शन गरिने छ। यसमा उपयुक्त चेतनामूलक र जानकारीमूलक सामाग्री तयार गरी स्थानीय एफ.एम वाट समेत प्रचार प्रसार गर्न सकिने छ। आवश्यकता अनुसार स्थानीय हाट वजारमा माइकिङ्ग, प्रवचन आदि समेत गर्न सकिने छ।

### १६. जडिवुटि प्रवर्धन कार्यक्रमः

यस कार्यक्रम अन्तर्गत केहि जिल्लाका क्लस्टरमा विशेष महत्वका जडिवुटि वा वहुउपयोगी प्रजातिको व्यापकरुपमा वृक्षारोपण गरिने छ। खासगरी काभ्रेमा वौधिचित्त, लौठ सल्ला, धनकुटा, भोजपुर, संखुवासभा, पाचथर र तेह्रथुममा रुद्राक्ष, पाल्पामा तेजपात, पर्वतमा लप्सी, सल्यान, रोल्पा, रुकुममा टिमुर र कास्कीमा श्रीखण्ड आदि (यस्तै जिल्लामा उत्पादन हुन सक्ने अन्य वहुमुल्य प्रजाति समेत समावेश गर्न सकिने) प्रजातिहरुको व्यापक वृक्षारोपण, प्रचार प्रसार र संरक्षण गरिने छ। यस कार्यक्रम संचालन गर्न प्रारम्भिक सर्वेक्षण गरी जिल्लामा निजी र सार्वजनिकरुपमा के कति वृक्षारोपण गर्न सकिन्छ यकिन गर्ने र सोहि अनुरुप कार्ययोजना वनाई कार्यान्वयन गर्नु पर्ने छ। कार्ययोजनामा यस कार्यक्रम अन्तर्गत के के कार्य, के कसरी र कहा गरिने हो सो को विवरण विस्तृत रुपमा उल्लेख गरी आगामी वर्षहरुमा गर्नु पर्ने कार्यक्रमको समेत तर्जुमा गर्नु पर्ने छ।

यस कार्यक्रममा प्याकेजको रुपमा विनियोजित रकम उपरोक्त अनुसार सर्भेक्षण गर्ने र कार्ययोजना वनाउने, प्रचार प्रसार गर्ने (एफ.एम रेडियो र पत्र पत्रिका मार्फत), अन्तर्क्रिया गर्ने, होडिङ्ग वोर्ड राख्ने, नर्सरी निर्माण/मर्मत गर्ने, विरुवा उत्पादन गर्ने (ठूला विरुवा समेत) , वृक्षारोपण, संरक्षण (वारवेरा, हेरालु, पुनरोपण आदि) मा लाग्ने ज्याला पारिश्रमिक, प्राविधिक सेवा, मसलन्द, सामाग्री, भ्रमण, खाजा, ईन्धन आदिमा औचित्य र स्वीकृत नर्मसको आधारमा खर्च गर्न सकिने छ। यस प्याकेज अन्तर्गत भए गरेका कार्यहरुको फोटो सहितको विवरण र भएको उपलव्धि उल्लेख गरी तयार गरेको प्रतिवेदन क्षेत्रीय वन निर्देशनालय र विभागमा पठाउनु पर्ने छ।

### १७. जडिवुटि संभाव्यता अध्ययन र कार्ययोजना तयारी

आ.व.२०७१/०७२ मा यो कार्यक्रम ओखलढुङ्गा जिल्लामा मात्र राखिएको छ। यस कार्यक्रम अन्तर्गत जिल्लामा उत्पादन हुन सक्ने जडिवुटिहरुको अध्ययन गरी यसको प्रवर्द्धन गर्न कार्ययोजना वनाउनु पर्ने छ। यसै कार्यक्रम अन्तर्गत जिल्लामा उत्पादन हुन सक्ने मुख्य तीन प्रजातिको कम्तिमा एक हेक्टर क्षेत्रफलमा प्रर्दशनी प्लट समेत स्थापना गर्नु पर्ने छ। यो कार्यक्रम सेवा प्रदायक वाट समेत गर्न सकिने छ।

### १८. निजी वन प्रोत्साहान कार्यसंचालन निर्देशिका तयारी

निजी वनसंग सम्वन्धित सवै सरोकारवालाहरु संग समन्वय र छलफल गरी एक निजी वन प्रोत्साहान कार्यसंचालन निर्देशिका तयार गरिने छ। यस कार्यसंचालन निर्देशिकामा आ.व. २०७१/०७२ मा र त्यसपछि चक्लावन्दिको रुपमा कुनै एक निश्चित परिमाण भन्दा वढी क्षेत्रफलमा (कम्तिमा एक हेक्टर) वृक्षारोपण गरेका निजी वन धनीहरुलाई तोकिएको मापदण्डको आधारमा आर्थिक अनुदान प्रदान प्रदान गरिने छ। यो निर्देशिका नेपाल सरकार वाट स्वीकृत गरी लागु गरिने छ। यो कार्यक्रम सेवा प्रदायकवाट समेत गराउन सकिने छ।

### १९. निजी वनको अनुगमन तथा मुल्याङ्कन पुस्तिका तयारी तथा प्रकाशन

केन्द्र (विभाग, मन्त्रालय) स्तर वाट जिल्लामा कार्यान्वयन भएको निजी वन विकासका क्रियाकलापहरुको अनुगमन तथा मुल्याङ्कन गरिने छ। यसमा वन दशक कार्यक्रम लागु गरिएका सवै जिल्ला र लागु नगरिएका अन्य केहि जिल्लाहरुमा केन्द्रिय अनुगमन समितिका सदस्यहरुको स्थलगत भ्रमण गरी तोकिएको फर्मेट (अनुसुची-२) अनुसार अर्पझट छनौट प्रणाली (Random Sampling) अपनाई अनुगमन गरी प्रतिवेदन तयार गरिने छ। यसै अनुगमनको आधारमा निजी वनको राष्ट्रिय पुरष्कार वितरण गरिने छ। यस शीर्षक अन्तर्गतको रकम उपरोक्त कार्य गर्न आवश्यक पर्ने भ्रमण, वास खर्च, खाजा, ईन्धन, भाडा, मसलन्द सेवा आदिमा खर्च गर्न सकिने छ। अनुगमन तथ्याङ्क विश्लेषण तथा प्रतिवेदन मस्यौदा गर्ने कार्य सेवा प्रदायक वाट समेत गराउन सकिने छ।

### २०.प्रचार प्रसार सामाग्री उत्पादन प्रसारण

केन्द्रवाट वन दशक र निजी वन कार्यक्रमको प्रचार प्रसार गर्न विभिन्न सामाग्रीहरुको उत्पादन गरी वितरण गरिने छ। यस कार्यक्रमवाट विभिन्न श्रब्य दृश्य, पोष्टर तथा अन्य छापा (Print) र बिद्युतिय माध्यम (Electronic media) वाट प्रचार प्रसार गरिने छ। यो कार्यक्रम सेवा प्रदायक वाट समेत गर्न सकिने छ।

### २१. किसानले रुचाएका महत्वपूर्ण प्रजातीको सम्वर्धन पुस्तिका प्रकाशन तथा वितरण

वृक्षारोपणको लागि किसानहरुले रुचाएका महत्वपूर्ण ५ प्रजातिको वन सम्वर्द्धन सम्वन्धि जानकारीमूलक सामाग्री तयार गरी किसानहरुलाई वितरण गरिने छ। यो कार्यक्रम सेवा प्रदायक वाट गर्न सकिने छ।

### २२. तराईको नदी उकास क्षेत्रको पहिचान

तराईमा हरेक वर्ष नदीले धार परिवर्तन गरी वग्नेहुदा धेरै वगर क्षेत्रका जग्गा उकास भई प्रयोग विहिन अवस्थामा रहेका छन्। यस्ता जग्गा निजी वा सार्वजनिक दुवै हुन सक्छन्। यस्ता जग्गा वृक्षारोपणको लागि महत्वपूर्ण छन्। वन दशक कार्यक्रम लागु गरिएका तराईका ११ जिल्ला मध्ये दुई जिल्लाका कुनै दुई नदीको पूर्व पश्चिम लोकमार्ग देखि दक्षिणमा स्थलगत अध्ययन र भूमापन प्रविधि प्रयोग गरी यस्ता जग्गाको पहिचान गरी बिस्तृत योजना तयार गरिने छ। यो कार्यक्रम सेवा प्रदायकवाट गरिने छ।

### २३. सवै उपक्षेत्रको लागि वन दशक कार्यक्रमको दश वर्षे कार्ययोजना तयारी

आ. व. २०७१/०७२ मा वन बिकासमा सम्वद्ध सवै सरोकारवालाहरु संग समन्वय गरी वन विभागले वन दशक कार्यक्रमको कार्ययोजना तयार गर्नेछ। कार्यक्रमको कार्ययोजना तयार गर्दा वन तथा भू-संरक्षण मन्त्रालयका सबै विभागहरु तथा अन्तर्गतका निकायहरु, अन्य सम्बद्ध सरकारी एवं गैर सरकारी निकायहरु तथा निजी क्षेत्रसंग पनि समन्वय गरी राय सुझाव लिईनेछ। यो दस्तावेज वन तथा भू-संरक्षण मन्त्रालयले स्वीकृत गर्नेछ। यही स्वीकृत दस्तावेजको आधारमा आगामी आर्थिक बर्षहरुको बार्षिक कार्यक्रम तथा बजेट तयार गरिनेछ। यो दस्तावेज सेवा प्रदायक संस्थाहरु वाट तयार गर्न सकिने छ।

## कार्यक्रम अनुगमन समिति

वन दशक कार्यक्रमको प्रतिफलको नियमित समिक्षा गरी कार्यान्वयनमा देखिएका समस्या एवम् चुनौतीहरुको समयमै समाधान गर्न र सम्बद्ध निकायहरुसंग समन्वय गरी आबश्यक स्रोत जुटाई सहकार्य गर्न केन्द्रस्तरमा एक अनुगमन समिति गठन गरिनेछ। अनुगमन समितिको बैठक कम्तिमा प्रत्येक तीन महिनामा एकपटक बस्नेछ। समितिले कार्यान्वयनको स्थिति बुझ्न आवश्यकता अनुसार स्थलगत अनुगमन समेत गर्नेछ। समितिको संरचना निम्नानुसारको हुनेछ।

| | |
|---|---|
| सहसचिव, अनुगमन महाशाखा, वन तथा भू संरक्षण मन्त्रालय | संयोजक |
| उपसचिव, योजना महाशाखा, वन तथा भू संरक्षण मन्त्रालय | सदस्य |
| योजना अधिकृत, योजना महाशाखा, वन विभाग | सदस्य |
| योजना अधिकृत, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण बिभाग | सदस्य |
| योजना अधिकृत, भू तथा जलाधार संरक्षण विभाग | सदस्य |
| योजना अधिकृत, वन अनुसन्धान तथा सर्भेक्षण विभाग | सदस्य |
| योजना अधिकृत, वनस्पति बिभाग | सदस्य |
| उपसचिव, स्थानीय बिकास मन्त्रालय | सदस्य |
| उपसचिव, अर्थ मन्त्रालय | सदस्य |
| उपसचिव, राष्ट्रिय योजना आयोग | सदस्य |
| उपसचिव, वन सम्वर्द्धन महाशाखा, वन विभाग | सदस्य सचिब |

कार्यक्रम अनुगमन समितिले आवश्यकता अनुसार वन विशेषज्ञ, सम्वन्धित मन्त्रालयका उच्च अधिकारीहरु संग परामर्श गरी आवश्यक नीतीगत सुझावहरु समेत संकलन गरी वन तथा भूसंरक्षण मन्त्रालयमा सिफारिश गर्न सक्नेछ।

यसका अतिरिक्त वन दशक कार्यक्रमको नियमित अनुगमन गर्न वन विभागमा एक प्राविधिक समिति गठन गरिने छ।

## अनुसूची १
## निजी क्षेत्रमा वृक्षारोपण गर्नेका लागि प्रस्ताव

श्रीमान् जिल्ला वन अधिकृत ज्यू
.......................

विषय: वृक्षारोपणको लागि प्रस्ताव

महोदय,

मैले यस आ.व..........मा निजी वृक्षारोपण गर्ने योजना वनाएको हुँदा तहा कार्यालय वाट आवश्यक सहयोगको लागि निम्न विवरण सहितको प्रस्ताव पेश गरेको छु ।

<u>पस्ताव विवरण</u>

१.प्रस्तावकको नाम...................................ठेगानाः जिल्ला................गा.वि.स...................वडा नं....
टोल........
२. वृक्षारोपण गर्ने जग्गाको विवरणः
(क)जग्गा धनीको नाम............................(ख) जग्गा भएको ठाउको गा.वि.स.......................वडा नं.............
(ग) कित्ता नं................ (घ) क्षेत्रफल.......... वृक्षारोपण गर्न चाहेको क्षेत्रफल..........
३. वृक्षारोपण गर्न चाहेको

| प्रजाती | संख्या |
|---|---|
| ............... | .......... |
| ................ | .......... |
| ............... | ........... |

४. वृक्षारोपण अन्तरवालीको रुपमा ☐ वा चक्लावन्दीको रुपमा ☐ गर्ने हो
५. वृक्षारोपणको संरक्षण कसरी गर्ने
तारवार गरेर ☐ हेरालु राखेर ☐ अन्य व्यवस्था ☐ (खुलाउने)
६. वृक्षारोपणको अनुमानित लागतः रु..................

निवेदको दस्तखत
नाम........:................
टेलिफोन नं.................

## अनुसूचीः २

निजी वन अनुगमन फर्मेट

१.वन धनीको नाम......................................ठेगानाः जिल्ला.................गा.वि.स...................वडा नं....
टोल........

२. वृक्षारोपण गर्ने जग्गाको विवरणः

(क)जग्गा धनीको नाम...........................(ख) जग्गा भएको ठाउको गा.वि.स......................वडा नं.............

(ग) कित्ता नं................ (घ) क्षेत्र फल........... (ङ) जग्गा धनीको कुल जग्गाको क्षेत्रफल............

३. वृक्षारोपणको विवरणः क) वृक्षारोपण गरेको वर्ष..........

(ख) वृक्षारोपण भएका

| प्रजाती | संख्या |
|---|---|
| ............... | .......... |
| ................ | .......... |

४. वृक्षारोपण अन्तरवालीको रुपमा ☐ वा चक्लावन्दको रुपमा ☐ गरिएको हो

५. वृक्षारोपण गरिएको जग्गाको विवरण

(क) वृक्षारोपण गएिको जग्गा कस्तो होः खेत (Low land) ☐ वारी (Upland) ☐ नदी उकाश ☐

(ख) वृक्षारोपण गएिको जग्गाको अन्य विवरण (माटो मलिलो, चिम्टाईलो, वलौटे के हो, जग्गाको अन्य विशेषताहरु)

६. वृक्षारोपणको संरक्षण कसरी गरिएको छ ।

(क) तारवार गरेर ☐ हेरालु राखेर ☐ अन्य व्यवस्था ☐

(ख) वाचेका विरुवाको संख्या/प्रतिशत............/..........

(ग) वृक्षारोपण संरक्षणको अवस्था कस्तो छ (विवरण उल्लेख गर्ने)

७. वृक्षारोपणको अनुमानित लागतः रु..................

८. वनको वृद्धि तथा गुणस्तरः वन वालीलाई समग्रमा तीन ब्यास (डाएमिटर) र उचाई श्रेणीमा राखी औषत ब्यास र उचाइ उल्लेख गर्ने ।

(क) व्यास र उचाईको विवरण

| श्रेणी | औषत ब्यास (डाएमिटर) | औषत उचाई | रुख/विरुवा संख्या/प्रतिशत | वृक्षारोपणको समग्र गुणस्तर |
|---|---|---|---|---|
| उच्च | | | | राम्रो/मध्यम/न्यून |
| मध्यम | | | | |
| निम्न | | | | |

(ख) अवलोकन वाट देखिएका अन्य विवरण (अवलोकन कर्ताको मुल्याङ्कन)

९. जग्गा धनीको मन्तव्य

(क) जग्गा धनीको सन्तुष्टीः सन्तुष्ट ☐ सामान्य ☐ असन्तुष्ट ☐

(ख) जग्गा धनीको प्रतिक्रिया (जग्गा धनीको चाहाना, योजना, समस्या, गुनासाहरु)

१०. अनुगमन कर्ताको निष्कर्षः

अनुगमन कर्ताको दस्तखत
नाम.......:........................
पद..........................
मिती.....................

## अनुसूचीः ३
## बिरुवा बितरण रजिष्टरको ढाँचा

| बिरुवाको माग | | बिरुवा बितरण | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| व्यक्ति वा संस्था वा समुहको नाम, ठेगाना | बिरुवा संख्या | प्रजाति/संख्या | प्रजाति/संख्या | प्रजाति/संख्या | प्रजाति/संख्या | प्रजाति /संख्या | | प्रयोजन (निजी बन, सार्बजनिक बन, नहर सडक किनार बृक्षारोपण) | बृक्षारोपण गर्ने स्थान र कि.नं | बिरुवा लानेको फोन नं. |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

## अनुसूचीः ४

## बिरुवा संरक्षण रजिष्टर

| व्यक्ति वा संस्था वा समूहको नाम | प्राप्त गरेको बिरुवा संख्या | प्रयोजन( निजी बन, सार्बजनिक बन, नहर सडक किनार बृक्षारोपण) | बृक्षारोपण गरेको बिरुवा संख्या | पहिलो बर्ष बाँचेको बिरुवा संख्या | | | | | | दोश्रो बर्ष बाँचेको बिरुवा संख्या | | तेश्रो बर्ष बाँचेको बिरुवा संख्या | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | भदौ | कार्तिक | पौष | फागुन | बैसाख | असार | पौष | जेठ | पौष | जेठ | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |

## अनुसूचीः ५
## कार्यक्रम अनुगमन समितिको कार्य सूची

१. वन दशक अन्तरगतका क्रियाकलापको कार्यक्रम तथा बजेट बाँडफाड गर्ने ।

२. संबद्ध निकायहरुसंग समन्वय गरी आबश्यक स्रोत जुटाउने/सहकार्य गर्ने ।

३. कार्यान्वयनको स्थिति बुझ्न आबश्यकता अनुसार स्थलगत अनुगमन गर्ने ।

४. कार्यान्वयनका क्रममा देखिएका नीतिगत समस्या एबं चुनौतिहरुको समीक्षा गरी समयमै समाधान गर्न सिफारिश गर्ने

५. आबश्यकता अनुसार बन दशक कार्यक्रमको कार्यबिधि परिमार्जन गर्ने ।